# कीर्तिपुरमा मनाइने गाईजात्रा पर्वको सामाजिक एवम्

# सांस्कृतिक महत्त्व

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली

इतिहास, संस्कृति तथा पुरातत्त्व विषयमा स्नातकोत्तर

उपाधिको आंशिक परिपूर्तिका निमित्त

प्रस्तुत

**शोधपत्र**


शोधकर्ता

विनोद श्रेष्ठ

नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं,


२०६८

<u>**शोधनिर्देशकको सिफारिस पत्र**</u>

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व स्नातकोत्तर तहको दशौं पत्र शोधप्रबन्धको पाठ्यक्रमको परिपूर्तिको लागि यस केन्द्रीय शिक्षण विभागका विद्यार्थी विनोद श्रेष्ठद्वारा प्रस्तुत "कीर्तिपुरमा मनाइने गाईजात्रा पर्वको सामाजिक एवम् सांस्कृतिक महत्त्व" शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार भएको व्यहोरा प्रमाणित गर्दै आवश्यक मूल्यांकनको लागि सिफारिस गर्दछु ।

..............................

प्रा.डा. वीणा पौड्याल
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व
केन्द्रीय शिक्षण विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

टेलिफोन नं. ४३३१९७६

त्रिभुवन विश्वविद्यालय

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व

केन्द्रीय विभाग

विभागीय प्रमुखको कार्यालय

कीर्तिपुर
काठमाडौं, नेपाल


प.सं.
च.नं.

## शोधप्रबन्धको स्वीकृति

श्री विनोद श्रेष्ठद्वारा पेश गरिएको **"कीर्तिपुरमा मनाइने गाईजात्रा पर्वको सामाजिक एवम् सांस्कृतिक महत्व"** शीर्षकको प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका निमित्त स्वीकृत गरियो ।

| | | |
|---|---|---|
| प्रा.डा.वीणा पौड्याल | प्रा.डा. प्रेम कुमार खत्री | प्रा.डा.वीणा पौड्याल |
| (विभागीय प्रमुख) | (बाह्य परीक्षक) | (शोधनिर्देशक) |

मिति:२०६८।३।२७

# कृतज्ञता ज्ञापन

शोधकार्यका लागि स्वीकृति का साथै आवश्यक सल्लाह, सुझावका अतिरिक्त आफ्नो अमूल्य समय दिई निर्देशन गर्नुहुने त्रि.वि.वि. नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागका विभागीय प्रमुख प्रा. डा. वीणा पौडेलज्यू प्रति हृदयदेखि नै हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोध पत्र तयार पार्ने तथा अध्ययनका क्रममा सहयोग गर्नुहुने श्रद्धेय गुरु प्रेम खत्रीज्यू, श्रद्धेय गुरु मदन रिमालज्यू तथा अन्य श्रद्धेय गुरु, गुरुआमाहरूप्रति आभार व्यक्त गर्दछु । त्यस्तै यस नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागको भूत पूर्व विभागीय प्रमुख प्रा.डा. मुकुन्द अर्यालज्यूले सहयोग गर्नु भएको मा उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछु । मलाई यस तहसम्म अध्ययन गर्न सहयोग एवं मार्गनिर्देशन गर्नु हुने र शोधकार्यमा सहयोग गरिदिने साथी बज्रमुनि बज्राचार्यका साथै सहयोग गर्नु हुने अन्य साथीहरूलाई पनि विशेष रूपमा सम्झिन चाहन्छु ।

शोधपत्रमा शोधकार्य गर्दा कम्प्युटर टाइप गरी सहयोग गरीदिने साथी बालकृष्ण महर्जन र नरेश नापितलाई पनि धन्यवाद । यस शोधपत्रको भाषा शुद गरिदिनु भई सहयोग गर्न हुने त्रि.वि.का गुरु सुकुम शर्माज्यूलाई हार्दिक धन्यवाद साथै पुरानो गाईजात्राको फोटो उपलब्ध गरी दिनुभएको मा कुटुझोल टोलका गणेशलाल महर्जन, राजमान महर्जन र शुक्रसागर श्रेष्ठज्यू लाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मिति २०६७/११/१९ गते **विनोद श्रेष्ठ**

# शब्दार्थ

सिं गुठी = मुर्दा पोल्ने गुठी, मृत्यु संस्कार गुठी

देय् गुठी = देशको गुठी

नायखिं = कसाई बाजा

पीगं = पीठ (अमूर्त गण देवीदेवताको स्थान) जहाँ अष्टमातृका गणको पूजा गरिन्छ।

हिफः द्यः = वलि, वेदि देवता

आजु द्यः = बाजे देवता, भयङ्कर ठूलो देवता

क्वाःचो देग = टुप्पामा रहेको कोत स्थित मन्दिर

सगं = सगुन, नेवार समाजमा विशेष रूपले अन्डा, बारा, माछा, मासु वा रक्सी वा जाँड अर्पण गर्नेको समष्टि नाउँ

पायाः = खड्ग जात्रा

समय्बजि = चिउरा, स्याबजी, कालो भट्मास, अदुवा, लसुन र छोयलाको समष्टि नाम

काँ बाजा = इन्द्र बाजा

सिठी नखः = कुमार चतुर्दशी पर्व

मोहनि सिन्ह = विशेष प्रकारले बनाइएको ध्वाँसाको कालो टीका

क्वखा = रातो कोरा कपडाको आधा अङ्गुलबाला घाँटीमा फूलमाला जस्तै लगाउने

द्यः ल्हाये = नाट्येश्वर तथा स्थान विशेषको देवता स्तुति तथा सम्मानमा सङ्क्षिप्त नृत्य

पुं = चित्रकार

ख्वापा = मुकुन्डो

ल ल्हायेगु = हस्तान्तरण वा प्रदान गर्नु

कःजि = ठुला ठुला कामको प्रबन्धक व्यक्ति

दबु = डबली

पाता खोला = महापात्र (मानव खप्पर आकारमा तामाको कचौरा)

धौबजि = दही र चिउरा मुछेको

मजाः देग = पूर्ण नभएको देवल

दुनेग = भित्री जङ्गल

ग्वः जा = धुटो चिउरा भिजाएर बनाएको ससानो शिखर शैलीको मन्दिर जस्तो

धरःपौ = लगत पत्र

तीर्थाः ख्वापा = तीर्थको प्रतीक स्वरूप बनाएर राखेका मुकुण्डाहरू जुन गाईजात्राका दिनमा नौ जोडी लुगा लगाएर नगर परिक्रमा गर्ने गर्दछ ।

स्वयम् सेवकको घेरा = नाचमा सेवा दिन व्यक्तिहरूले नाच्नका लागि फराकिलो गरेर अरू व्यक्तिहरू नाच नाचिरहँदा भित्र पस्न नदिन एकले अर्काको हात समातेर हातेमालो गरी बस्ने गर्दछ ।

खटेर = डटेर , मिहिनेतका साथ, जोडले, एकदमै आदि ।

पेरूङ्ग = गाईजात्राको दिनमा गाई भेषमा पठाउन विशेष रूपमा बनाएर राखेको दुईवटा कागजको रङ्गीचङ्गी झन्डा भएको टोपी जसको एकापट्टि गाईको अनुहारको चित्रमा परालको दुईवटा सिङ हुन्छ भने अर्कोपट्टि गणेशको चित्र हुन्छ

धाक खलक = 'धे धे पापा' नाचमा मुख्य रूपमा सहभागी हुने नृत्यकारहरूको समूह जस्तै सीं ख्वापा, म्हुकं ख्वापा, न्यांत्वा ख्वापा र बापात्या ख्वापाको एक समूहलाइ धाक खल भन्ने गर्दछ ।

धाक = कुल्लु, पहिले पहिले तेल राख्न छालाको धोक्रो बनाएर राखेको भाँडो

परिक्रमा गर्ने = घुम्न जाने

मृत्यु संस्कार = मरेपछि गर्ने क्रियाकलाप

पुनर्जन्म = फेरि अर्को जन्म

गुँला = नेवारहरूको तिथिको नवौं महिनालाई गुँला भन्ने गर्दछ ।

सतु = भुटेको गहुँको पिठोबाट बनेको विभिन्न आकारका वस्तुहरू जस्तै चैत्य, स्तूप मण्डप, गणेश, वज्र आदि आकार दिएर बनाएको वस्तु ।

देय/गढ पर्खाल = देशलाई घेरिएका ठुलो पर्खाल

ग्रहण = लिने, प्राप्त गर्ने

आँगन = घर दैलो अगाडिको भाग वा चोक

बर्खी = मृतकका नाममा बर्खी बार्नेले लगाउने सेतो लुगा लगाउने व्यक्ति

केपू = सिदा (थालमा चामल दुई माना, दाल, फलफूल र रकम आदि राखेर दान दिने), मुलाको बिउ ।

मचायात दुरु त्वंकवनेगु = बच्चालाई दुध पिलाउन जाने

नकवनेगु = खुवाउन जाने

थामुने = थाचिने गर्नको लागि जम्मा हुने

गोप्य = कसैले पनि थाहा नदिइकन

सम्वाद = ठुलो आवाज निकालेर एक आपसमा भन्ने

गोसाई = कुनै एकजना बालकलाई गाईको भेषमा पठाउँदाखेरि एउटा हातमा पिण्डपात्र र अर्को हातमा चिम्टा लिएको बालक, जोगीको भेषमा बालक

फाट्टफुट्ट = कहिलेकाहीँ

मुख्य पूजा = थाचिने गर्ने घरबाट मृतकको नाममा गर्ने मुख्य पूजा

मुख्य तीर्था ख्वापा = थाचिने गर्ने घरबाट मृतकको नाममा मुख्य पूजा गरेर पठाएको मुख्य मुकुन्डो, तीर्थको प्रतीक स्वरुप ठाउँ र स्थानको मुख्य देवताको मुकुन्डो ।

गुं दे = बनले घेरिएको सहर वा बस्ती

गँ प्याखँ = गण नृत्य (अष्टमातृका नृत्य)

गथु प्याखँ = मालीहरूले नाचिने नृत्य

इखुन प्याखँ = मल्लकालमा गण नृत्यलाई पुकारिने नाम

गथामुगल = घण्टाकर्ण

गथाम्वः चह्रे = घण्टाकर्ण पर्व/ चतुर्दर्शी

द्यः सालेगु = देवताको साधना गर्ने

किसली = माटाको पालामा चामलभरि त्यसमा सिङ्गो सुपारी र पैसा राखी तयार पारिएको पूर्ण पात्र

सागः/सागल = गोठ

ग्वाः/ग्वाला = गोपाल/गोपाली

सा = गाई

सापू = गाई पाल्नेहरूलाई बोलाउने नेवार नाम

पारू = जात्रा,

सापारू = गाईजात्रा

पुखु = पोखरी

धलपा = कीर्तिपुरको एक प्राचीन कुलो

धलपाले = कुलो अथवा ढलमा हेरचाह गरी बस्ने (कुलो कुरुवा)

क्वाथ = गढ

क्वाथे = गढको द्वारपाल (उसको निर्देशनमा देशको रक्षा र सुरक्षा गर्ने गर्दछ ।)

त्वाल = टोल

दवखिं = बाघ भैरव नृत्यमा बजाउने विशेष प्रकारको बाजा, जुन प्रमुख बाजाको रूपमा रहेको छ । दुवैतिर छालाले मोडिएको बिच भागमा विशेष प्रकारको भेडाको सिंङ तथा अलङकारित भएको हुन्छ ।

धाः = मादल जस्तै ठुलो बाजा एउठा लट्ठी र हातको साहायताले बजाउने बाजा ।

पोङ्गा = मुखले फुकेर बजाउने लाम्चो तरही बाजा

भूस्या = झ्याली भन्दा ठुलो बाजा

आगं छेँ = आँगन घर

मनमय्जु = इन्द्रायणी

नासः द्यः = नृत्यनाथ/नाट्येश्वर

नासः द्यः सालेगु = नृत्यनाथको आरधना गर्ने

स्वयम् = सो इच्छा, आफ्नो इच्छा आफू

सेवक = सेवा गर्ने व्यक्ति, हेरविचार गर्ने व्यक्ति

श्रय = योगदान

थाचिने = स्थापना गर्ने, सुरुबाट वा उद्घाटन गर्ने

भरपुर = एकदम, पूरा

एकता = एक ढिक्का

आयुधहरू = नृत्यकारहरूले आफ्ना हातमा लिएर नाच्ने सरसामानहरू

भीड = हुलकाहुल, धेरै मानिसहरू

सीं ख्वापा = काठको मुकुण्डो, (ह्यांगु ख्वापा/रातो मुकुण्डो पनि भनिन्छ ।)

म्हुंक ख्वापा = च्याउको मुकुण्डो

न्यांत्वाः ख्वापा = माछाको टाउकाको मुकुण्डो

बापात्या ख्वापा = आधा अर्को रङ , आधा अर्को रङ गरी बनाएको मुकुण्डो बालकहरूको अनुहारमा बिचमा काटेर फरक रङ लगाइएका मुकुण्डाहरू

तीर्था = तीर्थको प्रतीक

कोलाय = विष्णु पादुका, तामाको बाटा, पिण्डपात्र आदि

दस्तुर = रकम, रूपैयाँ

च्वयेकेगु = सूचना दिनु

छुस्याः बाजा = सानो आकारको बाजा

त्वाना = राँगाको खुट्टा

मेय् छैं = राँगाको टाउको

न्येकू = सिङ

प्रस्तुत गर्नु = व्यक्त गर्नु

घरमूली = घरको मुख्य मानिस

धिमे = नेवार बाजा, दुबै तिर बजाउने छालाले मोडिएको ढोलक भन्दा ठुलो नेवारी बाजामा विशेष प्रयोगमा आउने

दलु = बत्ती दिने पाला

सर्तक = सावधान

द्यः = देवता

द्यः ल्याः = देवतालाई ढोग

'धे धे पा पा' नाच = कीर्तिपुरमा गाईजात्राको दिन एक दिन मात्र मृतकका नाममा थाचिने गरेर प्रदर्शन गरी मुख्य मुख्य टोलहरूमा देखाउने नाच

आँखा छैं = नेवारहरूका बाजा सिकाउने ठाउँ वा घर

उपद्र = जस्तो मनलाग्दो त्यस्तै गरी चल्ने, मनपरी चल्ने

गुन्हु = नौ दिन

पुन्हि = पूर्णिमा

ताण्डव नाच = तन्त्रमन्त्रले पूजा गरी नाच्ने

चीठू = चिलन्चो टोल, कीर्तिपरको एउटा टोलको नाम

लाय्कू = दरबार मार्ग, दरबार क्षेत्र

अग्निदाह = आगामा जलाउने

मार्ग निर्देशन = बाटो देखाउने

अदृश्य तत्त्व वा शक्ति = आँखाले नदेख्ने तत्त्व (भूत, प्रेत, पिशाच, देवी देवताको आदि)को शक्ति

शोक गर्नु = विलाप गर्नु, दुखित हुनु

पितृ= मरेर गइसकेकाहरू

नाच = नृत्य

देय् = देश

देय् पोखरी = देशको बिच भागमा रहेको पोखरी, कीर्तिपुरमा नारायण मन्दिरको दक्षिणतिर रहेको पोखरीको नाम

आजु द्यः = भैरव देवता

अजिमा = भैरवी देवता, अष्टमातृका देवीहरू

नगर परिक्रमा = देशमा परिक्रमा गर्ने, देश घुम्ने आदि

किपू = कीर्तिपुर देश

दे/देय् = देश

ज्वोः सा/सा ज्वोह = एकजोडी गाईको भेषमा एकजना गोठालोसँगको समूह

तलवार द्वारे = कीर्तिपुरको इन्द्रायणी जात्रामा लाय्कु दरबारका ढोकामा तलवार लिएर द्वारे भई द्वारे पूजा गर्ने द्वारे

मकैको घोका = मकैको कोसा

फोटो = तस्बिर, चित्र

नर वलि = मानिसको वलि, मानिसको कुनै अङ्गबाट रगत चढाउने

फुकुवा/फुक्का = स्वतन्त्रता, स्वतन्त्र

दोह्नी = विरोधी

बिथोल्न = रोकावट गर्ने, छिन्नभिन्न गरिदिने

तीर्थ/तीर्था/तीर्था = तिर, तीर्थ,नदिको किनार, खोला वा नदिको सिंडि/भराङ्ग, उपचार आदि ।

स-कुशल = राम्रो अवस्था

माउ गुठी = अरू गुठीहरूको समस्या समाधान गर्ने गुठी

मुहानी/मुहान = कीर्तिपुरको द्वारेले पाँगा गाउँमा जात्रा चाडपर्व मनाउनका लागि जिम्मा दिएको व्यक्तिको पद जसलाई महा नाइके पनि भनिन्छ ।

तिरकु-लारकु नाच = पाँगा गाउँको गाईजात्रामा प्रदर्शन गरी देखाउने नाचको नाम तिरकु-लारकु नाच हो

हर्षोलास = मनोरञ्जन, खुसियाली

ख्या/खी = ख्याल ठट्टा गर्ने

नी = चोट पुऱ्याउने काम, बेइज्जत गर्ने

कःतु = कर्तुत, नराम्रो कार्यको पर्दाफास गर्ने सडक नाटक

थकाली = वरिष्ठ, उच्च पद

अनिष्ट घटना = अप्रिय घटना

धँञ्जा = रोपाई सकेपछि आरामले मनाउने रापाई जात्रा

गुभाज्यू/गुभाजु = पुरोहित, बज्राचार्य

कोखा = रातो अथवा सेतो कोरा कपडाको एक अङ्गुल गरी लामो गरेर काटेर बनाई नेवारी पूजामा प्रयोग गरिने माला

खप्न र नखप्ने = फाप्ने र नफाप्ने, टिक्ने र नटिक्ने

खपेन = फापेन, टिकेन

खाली पेट = भोकै, केही पनि नखाइकन

एकै दिशामा = एकैतिर, एकैतर्फ, तिर

समापन = अन्त्य, सकाउने, अन्तिममा

गुलियो रोटी = हल्वाई रोटी, लाखामरी

क्वलाय् = विष्णु पादुका, श्राद्ध गर्दा खेरि पिण्ड राख्ने तामाको बाटा वा भाँडा

कःतू = समाज दूषित बनाउने व्यक्तिको इज्जत लिने वा बेइज्जत गर्ने एक प्रकारको सडक नाटक, कर्तुत कार्यको पोल समाजसामु खोल्ने कार्य ।

पदासीन = ठुलो पदमा कार्य गर्ने व्यक्ति, हाकिम, अध्यक्ष आदि

दशद्रोही = देश विरुद्ध, देशको शत्रु, देश बिगार्ने व्यक्ति

छिनोफानो = समस्या छुट्यादिने, चित्त बुझाइदिने

गुठी पाला = त्यस वर्षको गुठीको सबै जिम्मा लिने व्यक्ति वा त्यस वर्षमा गुठीको पूजा गर्ने पालो थाप्ने मुख्य व्यक्ति

असक्षम = नसक्ने

दुषित = फोहर, खराब

भीड = हुलका हुल, धेरै मानिसहरूको समूह

कौला = खाजा, जाँड र रक्सीसँग केही वस्तु जस्तै मासु बारा, अन्डा दिने चलन

नेपाः ख्वापा = नेपालको मुकुण्डो, नेपालीहरूको बानी भएको मुकुण्डो

आह्वान = बोलाउने, आउन आग्रह गर्ने

ग्वाराचा = पिठोको रोटी राखेर भात जस्तै गरी झोल राखेर बनाउने एक प्रकारको नेवारी खाना, पिठोको रोटी राखेर बनाएको खाना ।

विस्यः त = श्रेष्ठहरूको एक थरी जात

सना गुठी = नेवारहरूको मर्दा, पर्दा, भोज भतेर गर्दाका लागि कार्यहरू गर्ने गुठी

नखः चखः = जात्रा, चाडपर्वहरू ।

# विषय सूची

**शीर्षक** **पृष्ठ**

शोध निर्देशकको सिफारिस

शोधनिर्देशकको स्वीकृति पत्र

कृतज्ञता ज्ञापन

शब्दार्थ

विषय सूची

नक्सा

**परिच्छेद-एक : शोधपरिचय** **१-१३**

१.१ विषय परिचय १

१.२ समस्या कथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको औचित्य ३

१.५ अध्ययनको शोधविधी ४

१.५.१ अध्ययनको क्षेत्रको छनोट ४

१.५.२ अध्ययनको सीमा ४

१.५.३ तथ्याङ्क संकलन विधि ४

१.६ अध्ययनको महत्व ५

१.७ पूर्वकार्यको समीक्षा ६

१.८ शोधपत्रको रूपरेखा १३

**परिच्छेद-दुई : कीर्तिपुरको ऐतिहासिक अध्ययन समेतको भौगोलिक संरचना** **१४-२७**

२.१ भौगोलिक अवस्थिति १४
२.२ कीर्तिपुरको राजनीतिक इतिहास १६
२.३ नेपाली संरचनामा कीर्तिपुरका नेवारहरू २०
२.४ कीर्तिपुरमा नेवार जनसङ्ख्या २३
२.५ कीर्तिपुरको बसोबासमा बाह्य प्रभाव २५
२.६ निष्कर्ष २७

**परिच्छेद- तिन : गाईजात्राको सामाजिक सांस्कृतिक पक्ष** **२८-५५**

३.१ गाईजात्राको उत्पत्ति २८
३.२ गाईजात्रामा गाई पठाउने तरिका ३६
    ३.२.१ गाईजात्रा ४२
    ३.२.२ रोटी, केराउ, फलफूल द्रव्य दान आदि दिने कार्यहरू ४२
    ३.२.३ गाईजात्राको हास्यव्यङ्ग्य कार्यक्रम ४४
३.३ कीर्तिपुरको गाईजात्रामा गोपाली वा सापूको महत्वपूर्ण भूमिका ४८
३.४ कीर्तिपुरसँगको उपत्यकाका तिन सहरबिचको सम्बन्ध ५०
३.५ निष्कर्ष ५४

**परिच्छेद-चार : कीर्तिपुरको गाईजात्रा परम्परा** **५६-१४६**

४.१ कीर्तिपुरमा गाईजात्रा सम्बन्धी गुठी ५६
४.२ गाईजात्रा सम्बद्ध सामाजिक परम्परा ५९
    ४.२.१ नयाँ घर निर्माण गरिसकेपछि गाईजात्रामा सहभागी ६१
४.३ तीर्थ मुकुन्डो (तीर्था ख्वापा) ६३

४.४ गाईजात्रामा नचाउने “धे धे पा पा” नाच को उत्पत्ति ८९
४.५ थाचिने १०१
४.५.१ थाचिने गर्ने परिवाहरूको भूमिका १०२
४.५.२ थाचिने गर्ने घरमा ढोकाको प्रयोग गर्ने मुख्य तरिका १०५
४.५.३ थाचिने गर्नेका लागि थाचिने गर्ने घरमा व्यवस्थापन १०७
४.५.४ थाचिने गर्न कीर्तिपुरको गाईजात्रामा सहभागीहरूको पहिरन र वर्ण १०९
४.६ थाचिने गर्न गणेश स्थानमा पूजा ११४
४.६.१ थाचिने गर्ने नाचको बाजाका बारेमा ११७
४.६.२ थाचिने गरी गर्ने “धे धे पा पा” नाच नाच्ने प्रक्रिया (तरिका) १२२
४.६.३ थाचिने गरी “धे धे पा पा” नाच नचाउने मुख्य मुख्य टोलका नामहरू १३०
४.६.४ थाचिने गर्ने घरमा या नाचमा सहभागीहुनेहरूलाई भित्र्याउने प्रविधि १३१
४.७ कीर्तिपुर सांस्कृतिक जात्रापर्व व्यवस्थापन समिति, कीर्तिपुर २०६२ गठन १३३
४.८ थाचिने गर्ने घरबाट गाईजात्राको हास्यव्यङ्ग्य कार्यक्रमको प्रबन्ध १३५
४.९ कीर्तिपुरको गाईजात्रामा पूर्णलाल महर्जन (झेल्ला) को योगदान १३९
४.१० ट्वाना जात्रा १४२
४.११ गणेश पूजा १४५

**परिच्छेद-पाँच : कीर्तिपुरको गाईजात्राको सामाजिक दर्शन पक्ष १४७-१६५**

५.१ कीर्तिपुरको समाज र गाईजात्रा १४७
५.२ गाईजात्रा र दर्शन १५१
५.३ गाईजात्रा र तन्त्र १५५
५.४ संस्कृति, परम्परा र गाईजात्रा १५८

**परिच्छेद-छ : उपसंहार, निष्कर्ष तथा सुझाव** **१६६-१७१**

सन्दर्भ ग्रन्थ सूची

परिशिष्ट


नक्सा

चित्रफलक

कीर्तिपुर

MAP # 6

# Ward-wise Population Density - 2000




National Society for Earthquake Technology-Nepal

Kirtipur Environmental Mapping Project